




सुर्यप्रसाद रिमाल
प्रशिक्षक
राष्ट्रिय सहकारी बेंक लि.

# सन १८६२ मा जर्मनीबाट ऋण सहकारीको सुरुवात

ऋणले सदस्यलाई धनी बनाउनुपर्दछ ।



एफ.डब्लु राईफाईसन

# यस परामर्शमा

- ऋण सदुपयोगिता निरिक्षण
- ऋण सदुपयोगितमा सहकारी संस्था, सदस्य, निरिक्षक तथा सञ्चालकको भुमिका
- ऋण सदुपयोगिता निरिक्षण फाराम

# ऋण सदुपयोगीता

- ऋण सदुपयोगीता भन्नाले सदस्यहरूले सहकारी संस्थाबाट लिइएको ऋणलाई निर्धारीत उद्देश्य पुरा हुनेगरी उत्पादनशील, आयआर्जन मूलक वा सामाजिकरूपमा उपयोगी क्षेत्रमा प्रयोग गरी सो ऋणबाट अपेक्षित प्रतिफल हासिल गर्नु हो ।
- ऋण सदुपयोगिता गराउनु सहकारीको ऋण व्यवस्थापन भित्रको प्रमुख कार्य हो ।



# ऋण व्यवस्थापन चक्र




**ऋण लगानी कार्य:** संस्थागत जोखिम न्युनीकरण गर्ने गरी

**ऋण सदुपयोगीता कार्य:** सदस्यको आर्थिक बिकास हुने गरी

**ऋण असुली कार्य:** संस्थाको व्यवस्थित संचालन गर्ने गरी

# ऋण सदुपयोगीता निरिक्षण

- सदस्यहरूले सहकारी संस्थाबाट लिइएको ऋणलाई निर्धारीत उद्देश्य पुरा हुनेगरी उत्पादनशील, आयआर्जन मूलक वा सामाजिकरूपमा उपयोगी क्षेत्रमा प्रयोग गरे नगरेको निरिक्षण गर्ने कार्य नै ऋण सदुपयोगिता निरिक्षण हो ।
- ऋण सदुपयोगिताबाट सदस्यहरूको आर्थिक विकासमा महत्वपुर्ण टेवा पुग्दछ ।
- सहकारी संस्थाको मुख्य उधेश्य नाफा कमाउनु नभई सदस्यहरूको आर्थिक समृद्वीमा योगदान गर्नु हो ।
- ऋण सदुपयोगिता निरीक्षण सहकारी संस्थाको आर्थिक स्वास्थ्य, सुशासन, र सदस्यहरूको विश्वास कायम राख्नको लागि समेत अनिवार्य छ ।
- यो प्रक्रियाले ऋणको दुरुपयोग रोक्छ, जोखिम व्यवस्थापन गर्छ र कानुनी पालना सुनिश्चित गर्छ ।



# ऋण सदुपयोगितामा सहकारी संस्थाको भुमिका

### ऋणको उधेश्य तथा शिर्षक प्रश्ट गर्ने

- संस्थाको ऋण व्यवस्थापन कार्यबिधिमा संस्थाले लगानी गर्ने ऋणको शिर्षक तथा ऋण रकम प्रयोगको उधेश्य प्रश्ट गर्ने
- सदस्यको ऋण निवेदनमा ऋण रकमको प्रयोग के काममा गर्ने हो भन्ने प्रश्ट उल्लेख गराउने
- निर्धारीत उधेश्यमा नै रकम प्रयोग गर्ने स्वःघोषणा सदस्यहरूबाट गराउने,

### प्रोत्सहान तथा दण्डको व्यवस्था

- लगानी भएको ऋण रकम निर्धारीत उधेश्य मा प्रयोग गरेको देखिएमा/नदेखिएमा के गर्ने भन्ने सम्वन्धमा कार्यविधिमा प्रश्ट व्यवस्था गर्ने

### किस्तावन्दीमा ऋण लगानी

- स्वीकृत ऋण एकमुष्ठ वा एकै किस्तामा लगानी नगरी ऋण रकम प्रयोगको अवस्था हेरी किस्तावन्दीमा लगानी गर्ने नीतिगत व्यवस्था गर्ने,
- पहिलो किस्ताको रकम निर्धारीत उधेश्य मा प्रयोग गरेको नदेखिएमा थप लगानी नगर्ने,

# ऋण सदुपयोगितामा सहकारी संस्थाको भुमिका

### किस्तावन्दीमा ऋण असुलीको व्यवस्था

- सदस्यले संस्थाबाट लिएको ऋण भुक्तानीका लागी किस्तावन्दी तालिका सदस्यहरूलाई प्रदान गर्ने
- किस्ता रकम सदस्यले ऋण रकम लगानी गरेको व्यवसायको आयको आधारमा निर्धारण गर्ने
- व्यवसायको प्रकृती हेरी उचित ग्रेस पिरियड समेत प्रदान गर्ने

### ऋणीको व्यवसायको निरिक्षण

- ऋण स्विकृती पुर्व नै सदस्यको व्यवसायको स्थलगत निरिक्षण गरी व्यवसायको अवस्था, ऋणीको दृष्टीकोण, परिवारका सदस्यहरूसंग व्यवसायीक परियोजना तथा ऋणका विषयमा खुला छलफल गर्ने,

### व्यवसायमा प्राविधिक सहयोग

- ऋणी सदस्यको व्यवसायको प्रकृती अनुसार संस्थाले प्रदान गर्न सक्ने प्राविधिक सहयोग तथा जोखिम न्युनीकरणका अन्य उपायहरू समेत अध्ययन गरी संस्थागत रूपमा प्रवाह गर्नसक्ने थप सेवाहरू समेत प्रवाह गर्ने,

# ऋण सदुपयोगिता सहकारी संस्थाको भुमिका

## ऋण सदुपयोगिता अनुगमन

- ऋण सदुपयोगिता अनुगमनको कार्य गर्ने जिम्मेवरी (उपसमिति वा व्यवस्थापन) लाई प्रदान गर्ने,
- विशेषगरी ठुला र जोखिमपुर्ण देखिएका ऋणीहरूको अनुगमन योजना तयार गर्ने,
- व्यवसाय तथा परियोजनाको प्रत्यक्ष अवलोकन, कागजात जाँच, र ऋणीसँग अन्तर्वार्ता मार्फत ऋणको सदुपयोगिताको अवस्थाको जाँच गर्ने,

## प्रतिवेदन निर्माण, छलफल र निर्णय

- निरिक्षणका आधारमा लगानी भएको ऋण रकम निर्धारीत उधेश्य मा प्रयोग गरेको देखिएको/नदेखिएको सम्बन्धमा मासिक प्रतिवेदन तयार गर्ने,
- कार्यबिधिअनुसार प्रोत्सहान तथा दण्डको सिफारिस सहित सञ्चालक समितिमा पेश गर्ने,
- सो विषयमा समितमा छलफल गरी उचित निर्णय गर्ने,

## नियमित Follow-up

- ऋण सदुपयोगिता निरिक्षणका साथसाथै ऋण असुलीको अवस्थाको नियमित मूल्यांकन गर्ने,
- असुलीको अवस्थाको आधारमा पुनः निरीक्षणको समय तालिका बनाउने,
- ऋणी सदस्यहरूसंग नियमित सम्पर्क तथा समन्वयमा रहने,

# ऋण सदुपयोगीतामा सदस्यको भुमीका

**१. ऋणको उद्देश्यअनुसार प्रयोग**:

•उदाहरण: व्यापारका लागि लिएको ऋण व्यक्तिगत खर्च (जस्तै: विवाह, भोज) मा प्रयोग नगर्ने,

**२. कागजात र प्रमाण सुरक्षित राख्ने**:

•ऋण प्रयोगको प्रमाण (बिल, भौचर, फोटो) राख्ने र अनुगमनका क्रममा सहकारीलाई उपलब्ध गराउने,

•उदाहरण: मलखाद खरिद गरेको बिल र फोटो पेश गर्ने,

**३. नियमित भुक्तानी**:

•तोकिएको समयमा किस्ता भुक्तानी गर्ने,

•आर्थिक समस्या भए तत्काल सहकारीलाई जानकारी दिने,

**४. प्रशिक्षण तथा अन्य सेवामा सहभागिता**:

•सहकारीले प्रदान गर्ने प्राविधिक सेवा लगायत सहकारीले उपलब्ध गराउने वित्तीय साक्षरता वा व्यवसायिक प्रशिक्षणमा भाग लिने,

•संस्थासंग नजिकको सम्पर्कमा रहने

# ऋण सदुपयोगीतामा निरिक्षण उपसमितिको भुमीका

**१. निष्पक्ष अनुगमन**

- ऋण उपयोगिता निरीक्षण फाराम भरी प्रत्यक्ष अवलोकन, कागजात जाँच, र अन्तर्वार्ता मार्फत तथ्य संकलन गर्ने,

**२. सुझाव र प्रतिवेदन**:

- ऋण सदुपयोगिताको अवस्था तथा समस्याहरू पहिचान गरी सुधारका लागि सुझाव सहितको प्रतिवेदन सहकारीको सञ्चालक समितिलाई बुझाउने,

**३. जोखिम न्यूनीकरणमा सहयोग**:

- ऋण दुरुपयोगका घटनाहरू तुरुन्तै सञ्चालक समितिलाई जानकारी गराउने,

# ऋण सदुपयोगीतामा सञ्चालक समितिको भुमीका

**१. कार्यबिधि निर्माण**:

- •ऋण उपयोगिता र जोखिम व्यवस्थापनका लागि स्पष्ट नीति र कार्यविधि बनाउने,
- •ऋण सदुपयोगिता निरिक्षण तथा अनुगमनको लागि छुट्टै उपसमिति गठन,
- •सदुपगोगिता गर्नेलाई प्रोत्सहान गर्ने तथा दुरूपयोग गर्नेलाइ निरूत्साहीत गर्ने ,

**२. कानुनी कारबाही**:

- •सहकारी ऐनअनुसार ऋण दुरुपयोग गर्ने ऋणीमाथि आवश्यक कारबाही प्रक्रिया अगाडि बढाउने,
- •तर, यो कदम अन्तिम विकल्पका रूपमा मात्र प्रयोग गर्ने ।

सक्रिय सहभागीता र छलफलका लागी

# हार्दिक धन्यवाद !!!